जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५ पृष्ठः ४ | २०८३ बैशाख २० आइतबार (Sunday 03 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कमला बचाऊ अभियानअन्तर्गत 'कमला महिमा संवाद यात्रा'



**मणिलाल विश्वकर्मा**

लहान, १९ वैशाख। कमला बचाऊ अभियान अन्तर्गत हरेक साता सञ्चालन गरिँदै आएको 'कमला महिमा आध्यात्मिक एवं पर्यावरणीय संवाद यात्रा' शुक्रबार साँझ सिरहाको पश्चिमवर्ती कर्जन्हा नगरपालिका- ७, ठुलो टोल मरेवा घाटमा आयोजना गरिएको छ। कमलातटीय क्षेत्रमा पर्ने ठुलो टोल मरेवास्थित कमला–सीताघाटमा आयोजना हुने भनिएको यात्रा मौसम प्रतिकूलताको कारण मरेवा बजारस्थित छठघाट (पोखरी परिसर)मा स्थानान्तरण गरी कमला आरती गरिएको थियो।

स्थानीय प्रभात महतोको अध्यक्षता तथा सिराहा क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य तपेश्वर यादवको उपस्थितिमा जनकपुरधामस्थित गंगासागरका पण्डित अजय झाले कमला आरती गरेका थिए। पछिल्लो समय क्रसर तथा गिट्टी, बालुवा व्यवसायीहरूले कमला नदीका विभिन्न ठाउँमा उत्खनन गर्दा नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै धार परिवर्तनले बर्सेनि तटीय क्षेत्रका बासिन्दाले संकट झेल्दै आएका छन्। अभियानका अनुसार नदीको अनियन्त्रित दोहन रोक्न सरोकारवालाहरूलाई दबाब दिन र कमलाको धार्मिक, पर्यावरणीय महत्त्वबारे स्थानीयलाई बुझाउँदै संरक्षणमा योगदान पुऱ्याउन अभियान थालिएको हो।

अभियानका संयोजक विक्रम यादवका अनुसार संवाद यात्राको क्रममा कमला नदीको संरक्षण, पर्यावरणीय सन्तुलन तथा धार्मिक तथा सांस्कृतिक महत्वबारे स्थानीयसँग छलफल हुँदै आएको छ। 'कमला नदीको संरक्षण, स्वच्छता र धार्मिक महत्वलाई जनस्तरसम्म पुऱ्याउने उद्देश्यले हरेक साताको शुक्रबार संवाद यात्राको क्रमलाई निरन्तरता दिइएको छ,' उनले भने।

## अवैध रूपमा भारततर्फ लगिएको ६ हजार किलो स्याउ सीमाबाट बरामद

काठमाडौं,१९ वैशाख। महोत्तरीमा नेपाल–भारत सीमा क्षेत्रबाट अवैध रूपमा भारततर्फ लैजान लागेको ६ हजार किलो स्याउ बरामद भएको छ। सशस्त्र प्रहरी बल नेपालले शनिबार महोत्तरीको मनराशीसवा नगरपालिका–२ स्थित सीमा क्षेत्रबाट ६ हजार ९ किलो स्याउसहित तीन वटा पिकअप गाडी नियन्त्रणमा लिएको जनाएको छ। सशस्त्र प्रहरी बल नेपालमा सहायक प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले स्याउ बोकेका प्रदेश ०२-०२-००१ च ०७२२, प्रदेश १-०४-००१ च ०४१४ र मधेश प्रदेश ०४-००१ च ०३८० नम्बरका तीन वटा गाडी फेला परेको जनाएका छन्। उनका अनुसार ती गाडीमा ३४५ कार्टुनमा ६ हजार ९ किलोग्राम स्याउ बरामद भएको हो। बरामद गाडी तथा स्याउ आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा बुझाउने प्रक्रिया चलिरहेको सशस्त्र प्रहरीले जनाएको छ।

## बाढीले फेरि बगायो कमला नदीको 'डाइभर्सन', हुलाकी राजमार्ग अवरुद्ध

सिरहा,१९ वैशाख। निरन्तरको वर्षासँगै आएको बढीले सिरहा र धनुषा जोड्ने कमला नदीमा बनाइएको अस्थायी 'डाइभर्सन' बगाएको छ। हुलाकी राजमार्ग अन्तर्गत यहाँ निर्माण भइरहेको पुलको विकल्पमा अस्थायी रूपमा बनाइएको अस्थायी 'डाइभर्सन' बिहानको बाढीले बगाएको हो। बिहीबार रातिदेखिको भारी वर्षाका कारण पुनः क्षतिग्रस्त भएपछि हाल सयौं सवारीसाधन र यात्रु बीच बाटोमै रोकिएका छन्। केही दिनअघि पनि वर्षाले क्षति पुऱ्याएपछि मर्मत गरी 'डाइभर्सन' सञ्चालनमा ल्याइएको थियो।



सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार नदीमा पानीको बहाव उच्च रहेकाले हाल मर्मत गर्ने अवस्था छैन। "पश्चिमपट्टि पानीको बहाव धेरै छ। पानीको सतह घटेपछि नगरपालिकाको जेसिबी प्रयोग गरी बाँध निर्माणको काम अघि बढाइनेछ", उनले भने। कमला नदीमाथिको पुल निर्माणमा भएको चरम ढिलाइले स्थानीयवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन्। पुल निर्माण नहुँदा बर्खायाममा ज्यान जोखिममा राखेर डुङ्गा चढ्नुपर्ने वा घण्टौं घुमेर पूर्वपश्चिम राजमार्गको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ।




**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मसाज तथा स्पा सेन्टरमा अनुगमन

**शंकर आचार्य**

पर्सा, १९ वैशाख। वीरगञ्ज महानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका मसाज तथा स्पा सेन्टरहरूको अनुगमन सुरु गरेको छ। मसाज सेन्टरका नाममा

–बाँकी दुई पेजमा

## सम्पादकीय

# सामाजिक सञ्जालका चुनौती र नियमनको आवश्यकता

विज्ञान र प्रविधिको तीव्र प्रगतिले विश्वलाई केही वर्षअघि कल्पनामा मात्र सीमित रहेको डिजिटल युगमा पुर्‍याएको छ। तर, यही युगले अवसरसँगै चुनौती पनि तीव्र बनाएको छ र चुनौतीको दबाबमा सबैभन्दा बढी बालबालिकाका परेका छन्। हालै अस्ट्रेलियाले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेपछि यो विषयमा विश्वव्यापी बहस चर्किएको छ।

अस्ट्रेलियाको कदम आकस्मिक प्रतिक्रिया भने होइन। विभिन्न अन्तर्राष्ट्रिय अध्ययनअनुसार १३–१७ वर्षका करिब ९५ प्रतिशत किशोरकिशोरी कुनै न कुनै सामाजिक सञ्जालमा सक्रिय छन् र झन्डै एकतिहाइले “लगभग निरन्तर” अनलाइन रहने गर्छन्। सामाजिक सञ्जालको अत्यधिक प्रयोगले चिन्ता, अवसाद र आत्मसम्मानमा गिरावट ल्याउने जोखिम बढाउने तथ्यहरू विश्व स्वास्थ्य संगठन लगायतका निकायले पनि औँल्याएका छन्।

अस्ट्रेलियाको पहलसँगै फ्रान्स र बेलायतजस्ता मुलुकहरूमा पनि उमेरमा आधारित पहुँच नियन्त्रण र कडा नियमनबारे बहस तीव्र भएको छ। यी मुलुकहरूले डिजिटल प्लेटफर्मलाई अभिव्यक्ति स्वतन्त्रताको माध्यममात्र नभई सार्वजनिक स्वास्थ्यसँग सम्बन्धित विषयका रूपमा लिन थालेका छन्।

यसैबीच संयुक्त राज्य अमेरिकामा भएको एउटा महत्वपूर्ण अदालती निर्णयले सामाजिक सञ्जाल कम्पनीहरूको जिम्मेवारी स्पष्ट पारेको छ। बालबालिकालाई हानिकारक सामग्रीबाट जोगाउन असफल भएको ठहर गर्दै केही प्रमुख कम्पनीहरूलाई उत्तरदायी ठहर गरिएकाले प्रविधि कम्पनीहरू अब पूर्णरूपमा निस्पृह रहन नसक्ने स्पष्ट सन्देश दिइएको देखिन्छ।

नेपालमा पनि पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालको प्रयोग तीव्ररूपमा बढेको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार इन्टरनेट पहुँच करिब ९० प्रतिशत पुगेको छ र प्रयोगकर्तामध्ये ठूलो हिस्सा युवापुस्ताको छ। यद्यपि, डिजिटल साक्षरता सोही अनुपातमा बढ्न सकेको छैन। परिणामस्वरूप, घृणात्मक अभिव्यक्ति, साइबर बुलिङ, भ्रामक सूचना र उत्तेजक सामग्रीको प्रसार तीव्ररूपमा भएको देखिन्छ।

विशेषगरी विद्यालय तहका बालबालिका प्रत्यक्षरूपमा यसबाट प्रभावित भइरहेका छन्। संयुक्त राष्ट्र बालकोष ९युनिसेफ०का केही अध्ययनहरूले अनलाइन दुर्व्यवहार अनुभव गरेका बालबालिकामध्ये धेरैले मानसिक तनाव र शैक्षिक प्रदर्शनमा गिरावट अनुभव गरेको देखाएका छन्। साथै, सामग्रीलाई ‘मनिटाइज’ गर्ने प्रवृत्तिले सनसनीपूर्ण र गैरजिम्मेवार सामग्री उत्पादनलाई थप प्रोत्साहन भएको छ।

यस सन्दर्भमा नेपालले अब ‘पर्ख र हेर’को नीति त्याग्नुपर्छ। नियमनको अर्थ पूर्ण प्रतिबन्ध होइन। यस्तै शैक्षिक उपलब्धिमा सामाजिक सञ्जालको प्रयोग उपयोगी पनि हुनसक्छ। यसैले उमेर प्रमाणीकरण, सामग्री चयन, डिजिटल साक्षरता अभिवृद्धि र अभिभावकीय निगरानीजस्ता उपायहरूको सन्तुलित प्रयोग आवश्यक छ। बालबालिकाको हितलाई केन्द्रमा राखेर नीतिगत हस्तक्षेप गर्न सकिएमात्र डिजिटल प्रविधि सुरक्षित र दीगोरूपमा उपयोगी हुनसक्छ।

## मसाज तथा ...

अवाञ्छित गतिविधि भइरहेको भन्ने गुनासो बढेपछि महानगरले मंगलबारदेखि अभियान अघि बढाएको हो। नगर प्रहरी इन्चार्ज हरि भुसालका अनुसार भन्सार क्षेत्रबाट सुरु गरिएको अनुगमन महानगरका सबै ३२ वडामा विस्तार गरिनेछ। अनुगमनका लागि नेपाल प्रहरीसँगको समन्वयमा नगर प्रहरी परिचालन गरिएको छ।

अनुगमन टोलीले सञ्चालक तथा कर्मचारीको विवरण, नाबालिका प्रयोग भए/नभएको लगायतका विषयमा जाँच गरिरहेको छ। साथै, सञ्चालन अनुमति, दर्ता, कर भुक्तानीको अवस्था, सेवा सञ्चालनको प्रकृति तथा आचारसंहिताको पालना भए/नभएको विषयमा विशेष ध्यान दिइएको नगर प्रहरी इन्चार्ज भुसालले जानकारी दिए। नाबालिका प्रयोग गरिएको पाइएमा कडा कारबाही गरिने चेतावनी दिइएको छ। हालसम्म अनुगमन गरिएका दुई स्पा सेन्टरमा नाबालिका प्रयोग भएको भेटिएको छ। अहिलेसम्म करिब एक दर्जनभन्दा बढी मसाज तथा स्पा सेन्टरहरूको स्थलगत अनुगमन सम्पन्न भइसकेको पनि भुसालले जानकारी दिए। प्रारम्भिक अनुगमनका क्रममा केही स्थानमा आवश्यक कागजात अपूर्ण रहेको तथा सञ्चालन प्रक्रिया मापदण्डअनुसार नभएको पाइएको छ। मापदण्ड नपुर्‍याउने र गैरकानुनी गतिविधिमा संलग्न व्यवसायीमाथि कानुनबमोजिम कारबाही गरिने महानगरले चेतावनी दिएको छ।

# भन्सार कडाइपछि रक्सौल सुनसान, वीरगञ्जमा चहलपहल

**हिमाल सम्साल**

वीरगञ्ज, १९ वैशाख। सबैजसो याममा गुलजार हुने वीरगञ्जको सीमावर्ती भारतीय बजार रक्सौल यतिबेला सुनसान छ। सरकारले भन्सारमा कडाइ गरेसँगै किनमेलका लागि रक्सौल जाने नेपाली घटेसँगै बजार सुस्ताएको हो। रक्सौल सीमावर्ती नेपालीका लागि प्रमुख बजार मानिन्थ्यो। रक्सौलमा पर्सा जिल्लाका मात्रै नभएर छिमेकी जिल्लाका मुख्य सहरका सिमरा, हेटौँडा र चितवनसम्मका बासिन्दा किनमेल गर्न रक्सौल बजार जान्थे।

पछिल्लो समय सङ्घीय सरकारले सीमावर्ती क्षेत्रमा भन्सार जाँचमा कडाइ गरेपछि वीरगञ्ज बजारमा क्रमशः ग्राहकको चहलपहल बढ्दै गएको वीरगञ्जमा यहाँका व्यवसायीको भनाइ छ। वीरगञ्जको आर्दशनगरमा कपडा पसल सञ्चालन गर्दै आउनुभएका जेपी इन्टरप्राइजेजका सञ्चालक जयप्रकाश खेतानले भन्सार क्षेत्रमा सरकारले कडाइ गरेसँगै आफ्नो पसलमा पहिलेको तुलनामा ३० प्रतिशत बढी व्यापार हुन थालेको बताउनुभयो।

“सरकारले भन्सार क्षेत्रमा कडाइ गरेसँगै अहिले वीरगञ्जका पसलहरुमा विस्तारै ग्राहकहरुको चहलपहल बढेको छ, विगतमा दिनभरजसो पसल कुरेर मात्रै बस्नुपर्ने हुन्थ्यो। अहिले ग्राहक बढेसँगै व्यापारमा पनि धेरै सुधार देखिएको छ”, उहाँले भन्नुभयो। वीरगञ्जको मिनाबजारमा किराना पसल सञ्चालन गर्दै आउनुभएका ऋषि केशरीले पनि भन्सारमा कडाइ गरेसँगै वीरगञ्जको बजारमा ग्राहक बढेको बताउनुभयो। “सबैजसो समान किनमेल गर्न सीमा पारी नै जानु सामान्यजस्तै थियो, भन्सारमा कडाइ सुरु भएसँगै हाम्रो व्यापार करिब २५ प्रतिशतले बढेको छ, सीमा क्षेत्रबाट हुने अवैध व्यापार रोक्न सकेको खण्डमा व्यापार पहिलेको तुलनामा ५० प्रतिशतले बढ्ने अपेक्षा राखेका छौँ”, केशरीले भन्नुभयो।

डिभिजन सडक हेटौँडाले गत वैशाख ६ गते वीरगञ्जको मुख्य सडक (मेनरोड)मा अतिक्रमित संरचना भत्काएपछि यहाँको बजार अहिले आर्दशनगर, लिंकरोडका बजारमा चहलपहल बढेको छ। विगतमा मेनरोडमा व्यापार तथा व्यवसायी गर्दै आइरहेका व्यापारीले भत्किएको संरचनाको जोखिमपूर्ण भग्नावशेषमा नै ‘सेल’ अफरमार्फत ‘स्टक’ सामान बिक्री सुरु गरेका छन्। वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अनुसार सडक विस्तारको कारणले करिब एक हजार व्यवसायी तथा व्यापारी विस्थापित हुने अवस्थामा पुगेका छन्। जहाँ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा करिब नौ हजार जनाको रोजगारी समेत प्रभावित भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले सरकारले सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै अनौपचारिक ढङ्गले हुने आयातमा कमी आउने बताउनुभयो। “सीमावर्ती सहरबाट अनौपचारिक ढङ्गबाट हुने आयातमा केही हदसम्म भए पनि कम भइरहेको छ, साथै चोरीपैठारी नियन्त्रण गर्नमा सहज हुने अपेक्षा राखेका छौँ”, उहाँले भनुभयो। सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै स्रोत नखुलेको रकम (हुण्डी) कारोबार नियन्त्रणमा पनि सहयोग पुगेको छ। सीमा क्षेत्रमा खुला रुपमा भीडभाडको मौका छोपेर सीमावर्ती क्षेत्रबाट लागुऔषध भित्रिने क्रममा पनि केही हदसम्म न्यूनीकरण भइरहेको जनाइएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले सीमावर्ती क्षेत्रमा रु १०० भन्दा धेरैको सामान ल्याउने प्रावधानका कारण सीमा क्षेत्रका बासिन्दाका लागि उपयुक्त नभएको बताउनुभयो। “सरकारले सीमावर्ती बजार रक्सौलमा उपलब्ध हुने, अत्यावश्यक वस्तु तथा सामान वीरगञ्जमै उपलब्ध हुने नीति ल्याएको खण्डमा कोही पनि सीमावर्ती बजारमा किनमेल गर्न जादैन्थे”, उहाँले भन्नुभयो, “अहिलेको नीतिले पर्साका भन्दा पनि सिमरा, हेटौँडा र चितवनदेखि रक्सौलमा सपिङ गर्न आउनेको सङ्ख्यामा भने केही हदसम्म कमी आएको छ।”

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले सीमा क्षेत्रबाट हुने अवैध पैठारी तथा निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै आइरहेको बताउनुभयो। “सीमा क्षेत्रमा सशस्त्र प्रहरीलाई खटाएर अवैध चोरी निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै आइरहेका छन्, कतिपय व्यवहारिक समस्यालाई पनि सम्बोधन गर्ने प्रयासमा छौँ”, उहाँले भन्नुभयो।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु चालु आवको नौ महिनामा रु छ खर्ब ९४ अर्ब पाँच करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको छ। सो वस्तु तथा सामान आयात हुँदा कार्यालयले सो अवधिमा रु एक खर्ब ७७ अर्ब ६६ करोड राजस्व सङ्कलन गरेको छ। त्यस्तै यो नाका हुँदै चालु आवको नौ महिनामा भने ७९ अर्ब ५४ करोड मूल्यको वस्तु तथा सामान विभिन्न मुलुकमा निर्यात भएको छ।

# भन्सार जाँच कडाइले वीरगञ्जमा चहलपहल बढ्यो



पर्सा, १९ वैशाख। सबैजसो याममा गुलजार हुने वीरगञ्जको सीमावर्ती भारतीय बजार रक्सौल यतिबेला सुनसान छ। सरकारले भन्सारमा कडाइ गरेसँगै किनमेलका लागि रक्सौल जाने नेपाली घटेसँगै बजार सुस्ताएको हो। रक्सौल सीमावर्ती नेपालीका लागि प्रमुख बजार मानिन्थ्यो। रक्सौलमा पर्सा जिल्लाका मात्रै नभएर छिमेकी जिल्लाका मुख्य सहरका सिमरा, हेटौँडा र चितवनसम्मका बासिन्दा किनमेल गर्न रक्सौल बजार जान्थे।

पछिल्लो समय संघीय सरकारले सीमावर्ती क्षेत्रमा भन्सार जाँचमा कडाइ गरेपछि वीरगञ्ज बजारमा क्रमशः ग्राहकको चहलपहल बढ्दै गएको वीरगञ्जमा यहाँका व्यवसायीको भनाइ छ। वीरगञ्जको आर्दशनगरमा कपडा पसल सञ्चालन गर्दै आएका जेपी इन्टरप्राइजेजका सञ्चालक जयप्रकाश खेतानले भन्सार क्षेत्रमा सरकारले कडाइ गरेसँगै आफ्नो पसलमा पहिलेको तुलनामा ३० प्रतिशत बढी व्यापार हुन थालेको बताए।

“सरकारले भन्सार क्षेत्रमा कडाइ गरेसँगै अहिले वीरगञ्जका पसलहरुमा विस्तारै ग्राहकहरुको चहलपहल बढेको छ, विगतमा दिनभरजसो पसल कुरेर मात्रै बस्नुपर्ने हुन्थ्यो। अहिले ग्राहक बढेसँगै व्यापारमा पनि धेरै सुधार देखिएको छ”, उनले भने। वीरगञ्जको मिनाबजारमा किराना पसल सञ्चालन गर्दै आउनुभएका ऋषि केशरीले पनि भन्सारमा कडाइ गरेसँगै वीरगञ्जको बजारमा ग्राहक बढेको बताए। “सबैजसो समान किनमेल गर्न सीमा पारी नै जानु सामान्यजस्तै थियो, भन्सारमा कडाइ सुरु भएसँगै हाम्रो व्यापार करिब २५ प्रतिशतले बढेको छ, सीमा क्षेत्रबाट हुने अवैध व्यापार रोक्न सकेको खण्डमा व्यापार पहिलेको तुलनामा ५० प्रतिशतले बढ्ने अपेक्षा राखेका छौँ”, केशरीले भने।

डिभिजन सडक हेटौँडाले गत वैशाख ६ गते वीरगञ्जको मुख्य सडक (मेनरोड)मा अतिक्रमित संरचना भत्काएपछि यहाँको बजार अहिले आर्दशनगर, लिंकरोडका बजारमा चहलपहल बढेको छ। विगतमा मेनरोडमा व्यापार तथा व्यवसायी गर्दै आइरहेका व्यापारीले भत्किएको संरचनाको जोखिमपूर्ण भग्नावशेषमा नै ‘सेल’ अफरमार्फत ‘स्टक’ सामान बिक्री सुरु गरेका छन्। वीरगञ्ज उद्योग वाणिज्य संघका अनुसार सडक विस्तारको कारणले करिब एक हजार व्यवसायी तथा व्यापारी विस्थापित हुने अवस्थामा पुगेका छन्। जहाँ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा करिब नौ हजार जनाको रोजगारी समेत प्रभावित भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले सरकारले सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै अनौपचारिक ढङ्गले हुने आयातमा कमी आउने बताए। “सीमावर्ती सहरबाट अनौपचारिक ढङ्गबाट हुने आयातमा केही हदसम्म भए पनि कम भइरहेको छ, साथै चोरीपैठारी नियन्त्रण गर्नमा सहज हुने अपेक्षा राखेका छौँ”, उनले भने। सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै स्रोत नखुलेको रकम ( हुण्डी) कारोबार नियन्त्रणमा पनि सहयोग पुगेको छ। सीमा क्षेत्रमा खुला रुपमा भीडभाडको मौका छोपेर सीमावर्ती क्षेत्रबाट लागुऔषध भित्रिने क्रममा पनि केही हदसम्म न्यूनीकरण भइरहेको जनाइएको छ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले सीमावर्ती क्षेत्रमा रु १०० भन्दा धेरैको सामान ल्याउने प्रावधानका कारण सीमा क्षेत्रका बासिन्दाका लागि उपयुक्त नभएको बताए। “सरकारले सीमावर्ती बजार रक्सौलमा उपलब्ध हुने, अत्यावश्यक वस्तु तथा सामान वीरगञ्जमै उपलब्ध हुने नीति ल्याएको खण्डमा कोही पनि सीमावर्ती बजारमा किनमेल गर्न जादैन्थे”, उनले भने “अहिलेको नीतिले पर्साका भन्दा पनि सिमरा, हेटौँडा र चितवनदेखि रक्सौलमा सपिङ गर्न आउनेको संख्यामा भने केही हदसम्म कमी आएको छ।”

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले सीमा क्षेत्रबाट हुने अवैध पैठारी तथा निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै आइरहेको बताए। “सीमा क्षेत्रमा सशस्त्र प्रहरीलाई खटाएर अवैध चोरी निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै

–बाँकी अन्तिम पेजमा

# गैरकानूनी हस्तक्षेप बन्द गर्न प्रधानमन्त्री शाहसँग मौलापुरकी मेयर रिना साहको माग

रौतहट, १९ वैशाख। रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले नगरपालिकामा गैरकानूनी हस्तक्षेप तुरुन्त बन्द गर्न प्रधानमन्त्री वालेन्द्र शाह ( वालेन)लाई आग्रह गरेकी छन्। संविधान र कानून अनुसार पालिकाहरुलाई काम गर्न दिनुपर्ने माग समेत उनले गरेकी छन्।

'यदि सम्पूर्ण सरकारहरू संविधान र कानुनप्रति जवाबदेही छ भने, नेपाल सरकार, विशेषगरी सम्माननीय प्रधानमन्त्रीज्यूलाई विशेष आग्रह गर्न चाहन्छु, मौलापुर नगरपालिकामा भइरहेको गैरकानुनी हस्तक्षेप तुरुन्त बन्द गरियोस् र कानुनअनुसार कार्य गर्न निर्देशन दिइयोस्,' मेयर साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेकीछन्। नगरपालिकाको लोकप्रिय कार्यक्रमहरुलाई अवरुद्ध गर्न भइरहेको चलखेलप्रति ध्यानाकर्षण भएको जनाउँदै मेयर साहले विशेषगरी 'फ्री बिजुली, फ्री



पानी' तथा 'छोरीसँग मेयर कार्यक्रम'को भुक्तानी विरुद्ध भइरहेको गतिविधि सामान्य नभएको जनाएकी छन्।

'मेरो नगरवासीले मन पराएको तथा सम्पूर्ण देशवासीले सराहेको यो 'फ्री बिजुली, फ्री पानी' कार्यक्रमहरूको भुक्तानी हाल केन्द्रको आदेश भन्दै रोकिएको छ,' मेयर साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेकी छिन्। नेपाल सरकारले यस्ता कार्यक्रमहरूको सहजीकरण गर्नुको सट्टा उल्टै कर्मचारीमार्फत हस्तक्षेप गरेर नगरपालिकालाई अस्तव्यस्त बनाउनु दुःखद भएको उनले जनाएकी छन्। प्रधानमन्त्री वालेन नेतृत्वको सरकारसंग यसबारेमा उनले स्पष्ट धारणा समेत माग गरेकी छन्।

'एकातिर माथिल्लो निकायको हवाला दिएर भुक्तानी रोकनू अर्कोतिर सताधारी पार्टीकै नेतृत्वमा अनैतिक एवं अस्वाभाविक चलखेल बढ्नु, यो कुनै पनि हिसाबले सही छैन। यस विषयमा केन्द्र सरकारको स्पष्ट धारणाको माग गर्दछु,' मेयर साहले भनेकी छन्।

# घरधनीले लालपूर्जा देखाएपछि रोकियो डोजर,




काठमाडौं, १९ वैशाख। नदी किनारका अनधिकृत संरचना हटाउने क्रममा नयाँ बसपार्क नजिकै विष्णुमती नदी किनारमा पुगेको डोजर रोकिएको छ। सो ठाउँका करिब १०–१२ घरधुरी आफ्नो लालपूर्जा रहेको दाबी गरेपछि डोजर रोकिएको हो। काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सीडीओ) ईश्वरराज पौडेलका अनुसार, अहिले उक्त जग्गाबारे छानबिन गर्ने सत्यतथ्य पत्ता लगाउन सरकारी टोली खटिएको छ।

डोजर पुगेपछि स्थानीयले लालपुर्जा देखाएपछि अहिले केहीबेरदेखि काम रोकिएको छ। घरधनीहरूले आफूसँग वैधानिक लालपुर्जा रहेको दाबी गर्दै कुनै पनि हालतमा घर भत्काउन नदिने अडान लिएपछि सरकारी टोली खटिएको हो। 'कहिलेकाहीँ त फिल्डमा डोजर ब्रिग्रिएर वा मेसिनरी समस्या आएर रोकिने एउटा पाटो हो,' सीडीओ पौडेलले भने, 'केही जग्गाधनीहरूको पूर्जा छ, हाम्रो हकभोगको हो भनेर भनियो भन्ने कुरा आएको छ। त्यसलाई यकिन गर्नका लागि सरकारी टोली खटिएको छ।'

उनका अनुसार, जग्गाबारे पत्ता लगाउन ८ जनाको सरकारी टोली खटिएको हो। 'काठमाडौं

–बाँकी अन्तिम पेजमा

# वर्षाले ग्रामीण सडक अस्तव्यस्त

बर्दिबास, १९ वैशाख। निरन्तर भइरहेको वर्षाले कृषि तथा वन क्षेत्रमा सकारात्मक प्रभाव पारे पनि ग्रामीण भेगका सडक हिलाम्मे हुँदा सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ। विशेष गरी महोत्तरीको बर्दीबास, गौशाला र औरही आसपासका उत्तरी क्षेत्रमा वर्षा लगातार परिरहेकाले कच्ची सडक बिग्रिएका छन्। सडकका खाल्टाखुल्टीमा पानी जम्दा हिँडडुल गर्न कठिन भएको छ भने कतिपय स्थानमा सडक पूर्ण रूपमा हिलाम्मे बनेका छन्। चुरे क्षेत्रका मडाहा, रातु र खयरमारा खोलामा आएको बाढीले उत्तरी भेगमा आवागमन मात्र होइन, मेलापातसमेत प्रभावित पारेको स्थानीयले दुःखेसो पोखेका छन्।

वर्षाका कारण तापक्रममा गिरावट आएको छ भने उखु, मुङ, लहरे तरकारी, आँप र लिची खेतीका साथै डढेलोबाट प्रभावित वन क्षेत्रमा भने राहत पुगेको छ। सडक बिग्रँदा उत्पादन बजारसम्म पुऱ्याउन किसानलाई समस्या भएको छ। प्रभावित क्षेत्रका वडाध्यक्षले कतै बजेट अभाव र कतै समयमै भुक्तानी हुन नसक्दा सडक मर्मत र स्तरोन्नतिमा समस्या परेको बताएका छन्। बर्दीबासको चुरे क्षेत्रमा पर्ने खयरमारा र टुटेश्वरका सडकमा पानी जमेर सवारी सञ्चालन प्रभावित भएको छ। नियमित चल्ने टेम्पो तथा साना सवारीसाधनसमेत अवरुद्ध हुँदा परबर, गोलभेँडा र हरियो खुर्सानी जस्ता तरकारीको बजारीकरणमा कठिनाइ भएको किसानको गुनासो छ ।

खोलामा पुल तथा वैकल्पिक बाटो नहुँदा विद्यार्थीलाई विद्यालय पुग्न र किसानलाई खेतबारी जानसमेत समस्या भइरहेको स्थानीय युवा अर्जुन बस्नेतले बताउनुभयो। मडाहा, खयरमारा र बाँके नदीसहित विभिन्न खहरेले घेरिएको खयरमारा गाउँ वर्षा हुँदा झन् प्रभावित हुने गरेको उहाँले बताउनुभयो। वडा नं. ११ का वडाध्यक्ष पूर्णबहादुर बलले आफू वडाको सडक समस्याबारे पूर्ण जानकार भए पनि कतै बजेट अभाव र कानुनी प्रावधानले चाहेर पनि सडक मर्मत र स्तरोन्नति गर्न नसकेको बताउनुभयो।

**असिना र वर्षाले क्षति**

सर्लाही समाचारदाताका अनुसार सर्लाहीमा शुक्रबार दिउँसोपख असिनासहितको वर्षाले तरकारी तथा अन्य बालीमा क्षति पुऱ्याएको छ। असिनापानीले जिल्लाको पश्चिमी भेगको मुर्तिया, सोल्टी, बरहथवा, शंकरपुर, हजरियालगायत क्षेत्रमा क्षति गरेको हो। पानीसहित असिना पर्दा तरकारीको बोट नै सखाप पारेको बरहथवा नगरपालिका–५, हात्तीडन्डाका घनश्याम बलम्पाकीले जानकारी दिनुभयो।

शुक्रबार दिउँसोपख सर्लाहीको अधिकांश भूभागमा भारी वर्षा भएको छ। लालबन्दी नगरपालिका–७, डाँडाटोलका मानबहादुर विश्वकर्माले खेतका गरा नै टिलपिल हुने गरी वर्षा भएको बताउनुभयो। वर्षापछि तरकारी, भाँच्ने बेला भएको मकैलगायतका बाली डुबानमा परेपछि किसान चिन्तित बनेका छन्। यो वर्ष चैतदेखि नै बारम्बार बेमौसमी वर्षा भइरहँदा विभिन्न कृषि उपजमा क्षति पुऱ्याइरहेको छ।

तेस्रो पटक भएको ठुलो वर्षाले काँचो इँटामा थप क्षति पुऱ्याएको सर्लाही इँटा व्यवसायी संघका सचिव भगवान मैनालीले बताउनुभयो। शुक्रबार बिहानबाट मौसम सफा भएपछि धमाधम काँचो इँटा तयार पारिरहेका व्यवसायीलाई दिउँसो एक्कासि ठुलो पानी परेर क्षति गरेपछि थप मारमा पारेको मैनालीले बताउनुभयो।

# उपमहानगरको ताकेतापछि सार्वजनिक जग्गामा बनेका सटर खाली गरे व्यवसायीले

बारा, १९ वैशाख। जीतपुरसिमरा उपमहानगरको ताकेतापछि सिमरा बजार क्षेत्रको सार्वजनिक जग्गामा बनेका सटरहरू व्यवसायी आफैँले खाली गरेका छन्। सिमराको मुख्य बजारबाट नगर अस्पतालतर्फ जाने बाटोमा रामजानकी मन्दिरसँगै रहेका सात वटा सटर व्यवसायी आफैँले शुक्रबार खाली गरेका हुन्। सार्वजनिक जग्गामा रहेका ७ वटा सटर भाडा रकम ७ वर्षदेखि रामजानकरी मन्दिर व्यवस्थापन समितिले उठाउँदै आएको थियो। ती व्यावसायिक सटक हटाउन उपमहानगरले एक वर्ष अघिदेखि पटक–पटक सूचना जारी गर्दै आए पनि व्यवसायीहरूले अटेरी गर्दै आएका थिए।



पछिल्लो समय उपमहानगरले वैशाख १८ गतेभित्र सटर खाली नगरे सामान जफत गर्ने चेतावनीसहितको सूचना जारी गरेपछि बल्ल व्यवसायी आफैँले सटर खाली गर्न थालेका हुन्। सटर खाली गराउन शुक्रबार बिहान उपमहानगरका अधिकृत रमेश सुवेदीसहित नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली पुगेको थियो। साविक पिपरा सिमरा गाविस वडा नं. २ को कित्ता नं. ८३२ मा रहेको सार्वजनिक जग्गामा बनेका सटरहरूमा औषधि पसल, कपडा, सैलुन सञ्चालन थिए। व्यवसायीहरूले लामो समयदेखि उक्त सटरमा व्यवसाय सञ्चालन गर्दै आएका थिए।

यसअघि सटर खाली गर्न उमहानगरले गरेको निर्णयविरुद्ध केही व्यक्ति उच्च अदालतसमेत पुगेका थिए। अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेपछि व्यवसायी सटर छाड्न बाध्य भएका हुन्। वैशाख ११ गते उच्च अदालत वीरगन्जका न्यायाधीशद्वय जगतबहादुर थापा र निर्मला शाक्यको संयुक्त इजलासले अघिल्लो अल्पकालीन अन्तरिम आदेश खारेज गरेपछि उपमहानगरपालिकालाई सटर खाली गराउने बाटो खुलेको हो।

सटर खाली गराउन यसअघि चैत २६ गते जारी गरेको सूचनामा उच्च अदालतको अल्पकालीन अन्तरिम आदेश बाधक बनेको थियो। उपमहानगरले वैशाख ६ गतेभित्र सटर खाली गर्न जारी गरेको उर्दीविरुद्ध व्यवसायी बिमला अधिकारीले वैशाख ३ गते उच्च अदालत वीरगन्जमा रिट दायर गरेकी थिइन्। अधिकारीले दायर गरेको उक्त रिटमा वैशाख ४ गते उच्च अदालतका न्यायाधीश पूर्णेश्वरप्रसाद उपाध्यायको एकल इजलासले कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गर्दै पेसी तोकेपछि उपमहानगरपालिका पछि हटेको थियो।

सोही रिटमा वैशाख ११ गतेको पेसीले अन्तरिम आदेश दिन अस्वीकार गर्दै जेठ ४ गतेका लागि अर्को पेसी तोकेपछि उपमहानगरपालिकाले सटर खाली गराएको हो। अदालतबाट निर्णय नआउँदासम्म उपमहानगर पालिकाको कार्यालयले ती सटरमा ताला लगाउने र उक्त पेसीको निर्णयअनुसार अघि बढिने अधिकृत सुवेदीले बताए।

# सर्लाहीमै मिर्गौला डायलासिस सेवा सुरु

**जनार्जन खत्री**

सर्लाही, १९ वैशाख। सर्लाहीमा मिर्गौला (किड्नी) डायलासिस सेवा सुरु भएको छ। ईश्वरपुर नगरपालिका–६ बयलवासस्थित नगर अस्पतालमा जिल्लामै पहिलो पटक डायलासिस सेवा सुरु गरिएको हो। डायलासिस सेवाको शुक्रबार मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्कलीलाल रायले उद्घाटन गर्नुभयो। यस क्षेत्रका मिर्गौला रोगीलाई अब डायलासिस गराउन बर्दिवास, जनकपुर, वीरगन्ज, भरतपुर तथा काठमाडौँलगायतका स्थानमा जानुपर्ने बाध्यता अन्त्य भएको छ।

पूर्व संघीय स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको कार्यकालमा मन्त्रालयबाट प्राप्त दुई थान डायलासिस मेसिनमार्फत सेवा सुरु गरिएको ईश्वरपुर नगरपालिकाका नगरप्रमुख मनोजकुमार आचार्यले जानकारी दिनुभयो। संघीय सरकारबाट आवश्यक प्राविधिक तथा सञ्चालन खर्च प्राप्त गर्न कम्तीमा पाँचवटा डायलासिस मेसिन सञ्चालनमा हुनुपर्ने प्रावधान रहेकाले त्यसका लागि पहल भइरहेको ईश्वरपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख तथा जनस्वास्थ्य अधिकृत सुगेन्द्र महतोले बताउनुभयो। उहाँका अनुसार हाल दुईवटा मेसिनबाट दैनिक दुई जनालाई मात्र डायलासिस सेवा प्रदान गर्न सकिनेछ।

नगरपालिकाले मधेश प्रदेश सरकारसँग थप तीन थान

–बाँकी अन्तिम पेजमा

# कमला बगरमा तरबुजा खेतीबाट आयआर्जन गर्दै गरिब दलित परिवार

**मणिलाल विश्वकर्मा**

लहान, १९ वैशाख। सिरहा र धनुषा जोड्ने कमला नदीको बगरको तरबुजा खेती स्थानीय गरिब दलितहरूका लागि आयआर्जनको भरपर्दो माध्यम बनेको छ। वैशाखको पहिलो सातादेखि खानयोग्य भएपछि तरबुजा बिक्री गरेर गरिब दलित परिवारले तीन–चार महिनाको घरखर्च चलाउने र कर्जा तिर्दै आएका छन्।



कमला किनारसँगै टाँसिएको पूर्वी धनुषाको सबैला नगरपालिका– ४ पटेर्वाका करिब ५१ वर्षीय नन्दा मुखिया भन्छन्, ‘गाउँका छरछिमेकले बगरमा तरबुजा फलाएर आम्दानी गरेको देखेर पहिलोपटक खेती गरेको हुँ। बगरको करिब पाँच कट्ठामा रोपेको तरबुजा वैशाखको दोस्रो सातासम्म ४० हजार रुपैयाँको बिक्री गरिसकेँ।’ अब करिब ५० हजार रुपैयाँसम्मको बिक्री गर्न बाँकी रहेको उनले बताए। पटेर्वा गाउँछेउको कमलाको बगरमा स्थानीय करिब ६० घरधुरी दलित गरिबहरूले तरबुजा, लौका, काँक्रा खेती गरिरहेको उनले सुनाए।

उनकै छिमेकी ५३ वर्षीय सुखचैन मुखियाले भने, ‘पछिल्लो सात वर्षदेखि बगरमा तरबुजा फलाएर बेच्दै आएको छु।’ पछिल्लो वर्ष सबैभन्दा बढी करिब दुई लाख रुपैयाँको तरबुजा बिक्री गरेको सुनाउँदै उनले भने, ‘यो वर्ष करिब एक बिघा खेती गरेको छु। तर, फुल्ने वेलामा पूर्वतिरबाट हावा बहेकाले त्यति राम्रो सप्रिएन।’ तरबुजा खेतीमा बिउ, सिँचाइ, मलसहित प्रतिबिघा करिब ५० हजार लगानी गर्नुपर्ने जानकारी दिँदै उनले थपे, ‘गरिबसँग त्यति रकम नहुने भएकाले ऋण लिएर खेती गर्छौं।’

गाउँमा बस्ने थातथलोसमेत गाउँ ब्लकको पाँच धुर जग्गाबाहेक केही नरहेकी स्थानीय ४० वर्षीया गुलियादेवी सदाय भन्छिन्, ‘बालुवा मात्र रहेको बगरमा मिहिनेत गरेर खेती गर्दा दुई–चार महिनाका लागि भए पनि जीविका चलाउन सहज हुन्छ।’ पहिलोपटक पाँच कट्ठा बगरमा तरबुजा फलाएकी उनले त्यही बिक्री गरेर श्रीमान्, सासू, ससुरा, ६ बहिनी छोरीसहित १० जनाको परिवारलाई केही महिनाका लागि खर्च धान्न सहज हुने बताइन्।

**स्थानीय तहको छैन पहल, व्यापारी मालामाल**

कात्तिक शुक्ल पूर्णिमादेखि करिब दुई सातासम्म तरबुजाको बिउ उमारेर रोपेपछि बगरमै टहरा हालेर कुर्नुपर्ने, वेलावेलामा मलखाद, सिँचाइ गर्नुपर्ने भए पनि स्थानीय सरकारले बगरखेती प्रवर्द्धनका लागि कुनै पहल नगरेको स्थानीयको गुनासो छ। ‘पालिका क्षेत्रमा लाखौँ रुपैयाँ खर्चिएर सडक नाला बनाउने स्थानीय सरकार गरिब दलितले गर्ने बगरखेतीका लागि न बजेट छुट्याउँछ न त पहल नै गर्छ,’ उनीहरू भन्छन्।

करिब आठ महिनासम्म दुःख गरेर फलाएको तरबुजा किन्न बगरमै व्यापारीहरू आउने भए पनि लागत मूल्यसमेत नउठ्ने गरी सस्तोमा किन्न खोज्ने उनीहरूको गुनासो छ। ‘कम्तीमा ४० रुपैयाँ प्रतिकिलोमा नबेच्ने हो भने लागत मूल्यसमेत उठाउन सकिँदैन,’ सदायले भनिन्, ‘तर, व्यापारीहरू सस्तोमा किनेर सिराहा, लहान, गोलबजार, जनकपुर, ढल्केबरसम्म लगेर महँगोमा बेचेर मालामाल भइरहेका छन्।’

सिरहाको बेतहा, निर्दना, चतरी, बनिनियाँ, भोक्राहा, सारश्वर, बसबिट्टा, बडेर्वा, मानपुर तथा धनुषातर्फ किरतपुर, ढोलबजा, हरिने, लक्कर, हथमुन्डा गाउँका करिब एक हजार निम्न किसान तथा गरिब दलित घर परिवारले बगरखेती गरिरहेको कल्याणपुर नगरपालिका– ४ परसाहीका दलित अगुवा सुलिन्दर सदायले बताए। ‘सबैभन्दा नजिकको भनिएको स्थानीय सरकारले आफ्नो पालिका क्षेत्रका गरिब र निम्न अवस्थाका नागरिकको आर्थिक हैसियत उकास्न बगर खेती प्रवर्द्धन कार्यक्रमका लागि नीति तथा कार्यक्रम र बजेटसहित तालिम, बिउबिजन, अनुदानको मलखाद उपलब्ध गराउनुपर्छ,’ उनले भने। त्यसबाहेक बगरको झाडीमा लुकेर बस्ने बँदेल, नीलगाईले राती खेतीमा क्षति पुर्‍याइरहेकाले नियन्त्रणका लागि स्थानीय सरकारले सम्बन्धित निकायसँग पहल र समन्वय गरिदिनुपर्ने उनको माग छ।

## *सर्लाहीमै मिर्गौला...*

डायलासिस मेसिन ल्याएर पूर्ण क्षमतामा सेवा सञ्चालन गर्ने पहल अघि बढाएको छ। सेवा उद्घाटनका क्रममा स्वास्थ्यमन्त्री रायले आवश्यक तीन थान डायलासिस मेसिन तथा प्राविधिक प्रदेश सरकारबाट उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। मधेश प्रदेश सरकारले साना योजनाभन्दा बढी नागरिक लाभान्वित हुने ठुला योजनामा बजेट केन्द्रित गर्ने निर्णय गरेको मन्त्री रायले बताउनुभयो। उहाँले कर्मचारीतन्त्रको ढिलासुस्ती र फाइल अल्झाउने प्रवृत्तिका कारण काम गर्न कठिन भइरहेको गुनासोसमेत गर्नुभयो।

डायलासिस सेवा सञ्चालनका लागि ईश्वरपुर नगरपालिकाले नयाँ स्वास्थ्यकर्मी नियुक्त गर्नुका साथै कार्यरत स्वास्थ्यकर्मीलाई तालिमसमेत प्रदान गरेको छ। डायलासिस असिस्टेन्टका रूपमा सुस्मिता सिंहलाई नियुक्त गरिएको छ भने नगर अस्पतालमै कार्यरत डा. दीर्घनारायण दास र स्टाफ नर्स ममता साहलाई आवश्यक तालिम प्रदान गरिएको स्वास्थ्य शाखा संयोजक महतोले जानकारी दिनुभयो। स्वास्थ्य शाखाका अनुसार ईश्वरपुर नगरपालिकावासीलाई डायलासिस सेवा निःशुल्क उपलब्ध गराइनेछ भने अन्य पालिकाका सेवाग्राहीबाट प्रतिपटक दुई हजार ५०० रुपियाँ शुल्क लिइनेछ। डायलासिसका क्रममा आवश्यक पर्ने रगतका लागि प्रादेशिक अस्पताल मलंगवास्थित ब्लड बैंकसँग समन्वय गरिने नगरपालिकाले जनाएको छ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री रायले नगर अस्पतालमै ब्लड बैंक स्थापना गर्न यसै वर्ष बजेट व्यवस्थापन गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो। सर्लाहीकै प्रदेशसभा सदस्यसमेत रहेका मन्त्री रायले जिल्लामै पहिलो पटक डायलासिस सेवा सुरु हुनु स्वास्थ्य क्षेत्रको ठूलो उपलब्धि भएको बताउनुभयो।

## *घरधनीले लालपूर्जा ...*

महानगरपालिकाका अधिकृत, नापि अधिकृत, मालपोत अधिकृत, जिल्ला प्रशासन कार्यालयका अधिकृत र काठमाडौं उपत्यका प्राधिकरण र अधिकारसम्पन्न बागमतीसहितको टोली खटिएको छ,’ सीडीओ पौडेलले भने। उनका अनुसार, सरकारी टोलीले भेरिफाइ गरेपछि के गर्ने भन्ने टुंगो लाग्नेछ। ‘फिल्डमा भेरिफाइ हुँदैछ। टोलीले हेर्छ, अनि रिपोर्टिङ गर्छ। त्यसपछि के गर्ने भन्ने निर्णय गर्छौं,’ उनले भने।

## *भन्सार जाँच ...*

आइरहेका छन्, कतिपय व्यवहारिक समस्यालाई पनि सम्बोधन गर्ने प्रयासमा छौँ”, उनले भने। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु चालु आवको नौ महिनामा रु छ खर्ब ९४ अर्ब पाँच करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको छ। सो वस्तु तथा सामान आयात हुँदा कार्यालयले सो अवधिमा रु एक खर्ब ७७ अर्ब ६६ करोड राजस्व सङ्कलन गरेको छ। त्यस्तै यो नाका हुँदै चालु आवको नौ महिनामा भने ७९ अर्ब ५४ करोड मूल्यको वस्तु तथा सामान विभिन्न मुलुकमा निर्यात भएको छ।

# मुसहर बस्तीमा ललिताको शैक्षिक क्रान्ति

**राजकरण महतो**

भनिन्छ, ‘तँ आँट, म पुर्‍याउँछु’ तर २७ वर्षीया ललिता सदा (मुसहर) को जिन्दगीमा कल्पना गर्न पनि कठिन थियो। परिवार चलाउन मुस्किल पर्ने ललिताले दुई छोरालाई स्कुल पठाइन्। उनीहरूको साथ लागेर आफूले पनि स्कुल पोसाक लगाइन्। सन्तानसँगै किताब बोकेर स्कुल आउजाउ गरिन्। हालै उनले निकै संघर्ष गर्दै विद्यालय शिक्षा परीक्षा (एसईई) तहको परीक्षा दिन सफल भएकी छिन्। कक्षा ११ पढ्ने रहर पालेकी छिन्। उनले महोत्तरीको बर्दिबास नगरपालिका—२ एकीकृत नमुना मुसहर बस्ती नजिकैको जनता माध्यमिक विद्यालयमा पढेकी हुन्। उनको संघर्ष, अठोटले भुइँमान्छेहरूलाई भने उत्साहित बनाएको छ।



हार्नलाई ललिताको हातमा केही थिएन तर जित्नलाई त पूरै संसार छ। पढेर गरिबीलाई हराउने र दुनियाँलाई जित्न उनी एक प्रकारले स्कुल पढेर अदृश्य रूपमा युद्ध नै लडिरहेकी छिन्। पुस्तौनी शिक्षाबाट वञ्चित उनको परिवारमात्रै होइन समुदाय नै शिक्षाको उज्यालो ज्योतितर्फ लम्किरहेको छ। जसको नेतृत्व उनको काँधमा छ।

मुसहर बस्तीमा तीन सय बढी जनसंख्या छ। त्यसमध्ये महिलामा उनीमात्रै कक्षा १० भन्दा बढी पढेकी दोस्रो महिला हुन्। उनको जेठो छोरो १४ वर्षका ब्रह्मदेव सदा कक्षा ५ को परीक्षा दिएर कक्षा ६ को पढाइको तयारीमा छन्। उनको भाइ १२ वर्षीय रोहन सदाले दाइ ब्रह्मदेवलाई पछ्याइरहेको छ। रोहन कक्षा ४ को परीक्षा पास गरेर कक्षा ५ पढ्ने तयारीमा छन्। ललिता यतिखेर एसईई परीक्षाको नतिजाको प्रतीक्षासँगै यो फुर्सदको समयमा खसी पालेर सदुपयोग गरिरहेकी छन्। उनी भन्छिन्, ‘कक्षा १० को आन्तरिक परीक्षामा सबै विषयमा पास गरेकी छु। फाइनल परीक्षामा राम्रै लेखेकी छु। नतिजा मेरो पक्षमा आउँछ भन्ने विश्वास छ।’ पूर्व—पश्चिम राजमार्गअन्तर्गत महोत्तरीको बर्दिबास चोकभन्दा डेढ किलोमिटर दक्षिणमा एकीकृत नमुना मुसहर बस्ती पर्छ। जहाँ ललिताको बसोबास छ। ललिताले घरायसी समस्याका कारण स्कुल छोड्दै, पढ्दै कक्षा १० सम्म पढ्न सफल भएकी छिन्। कक्षा २ मा पढ्दै गर्दा आमाले छाडिन्। पढाइ छुट्यो। अर्काको घरमा काम गर्दै उनी हुर्किइन्।

१२ वर्षको उमेरमा ललितालाई पेट पाल्न काठमाडौंमा गलैंचा बुन्ने कारखानासम्म पुग्नुपरेको थियो। एक वर्षमा त्यहाँ कठिन अवस्थामा उनको बालापन बित्यो। दसैंमा काठमाडौंबाट घर आएको बेला गाउँकी शिवो सदाले उनको दुःखलाई खुसीमा परिणत गर्ने कुरा सुनाइन्। उनले गाउँकै युवा रामेकवाल सदासँग विवाह गराइदिने कुरो सुनाइन्। विवाहपछि जीवनको दुःख टर्ने कुराबाट प्रभावित भएर ललिता विवाह गर्न राजी भइन्। गाउँलेहरू बसेर ललिता र रामेकवालबीच विवाह गराइदिए। जतिबेला ललिता बल्ल १४ वर्षको उमेरकी थिइन्।

रोग, भोक, शोकले पुस्तौनी थलिएको मुसहर बस्तीकी एक पात्र ललितालाई जीवन बाँच्न कठिन थियो। त्यसमाथि पढ्नुको कुरा त कसैले कल्पना नै गर्न सकिँदैन। मधेसको दलितमा पनि महादलित जात मुसहर हो। गाउँमा पानी लिन जाँदा पनि ललिताले छुवाछूतको व्यवहार खेपेकी थिइन्। ललिताजस्तालाई स्कुलमा गएर पढ्नु त टाढाको कुरो भयो। तर, उनको पढ्ने र दुनियाँ बुझ्ने सपनाले सधैँ चिथोरिरह्यो।

‘विवाहपछि ज्याला मजदुरी गर्ने, जंगलबाट दाउरा ल्याउने अनि परिवार चलाउन थालेँ। १५ वर्षकै उमेरमै जेठो छोरो जन्मियो। त्यसपछिको डेढ वर्षमा अर्को कान्छो छोरो जन्मियो। दुवै छोरालाई हुर्काएँ,’ उनी भन्छिन्, ‘अनि अब पढ्नुपर्छ भनेर २०७४ सालमा स्कुलमा नाम लेखाएँ। सँगै पढ्न थालेँ। नियमित पढ्दै आज कक्षा १० सम्म पढेँ अब कक्षा ११ मा पढ्छु।’

२०७३ सालमा हास्य कलाकार धुर्मुस र सुन्तली आएर बस्ती बनाए। त्यो बेला पढ्नुपर्छ भनेर सबैलाई स्कुल भर्ना गराए। त्यो बेला ललिता स्कुलमा गएर पढ्न थालेकी थिइन्। धेरैले पढाइ छोडे। तर उनले छोराहरूसँग स्कुल जाने कामलाई निरन्तरता दिइरहिन्। यसमा बस्तीका स्थानीय तथा सो स्कुलका शिक्षक मञ्जय सदाले सहयोग गरेका थिए।

उनको पढाइमा उनका श्रीमान् रामेकवालको ठूलो सहयोग, साथ छ। परिवार चलाउन उनका श्रीमान् ऋण काढेर कतार गए। त्यहाँबाट पनि कमाएर घर चलाउन सहयोग गरेका थिए। अहिले गाउँमै ज्याला मजदुरी गर्छन्। ललितालाई छोरा स्याहार्दै बस्तुभाउ पाल्नु र स्कुल गएर पढ्नु निकै चुनौतीपूर्ण काम रहेको छ। पढेर नर्स बन्ने सपनाले उनलाई स्कुल डोर्‍याइरहेको छ। उनी भन्छिन्, ‘हामी तीन जना स्कुल पढ्ने छौं। श्रीमान् एक्लै कमाउने हुनुहुन्छ। घर खर्च जुटाउन निकै समस्या भइरहेको छ। खर्च अलि जुट्यो भने सजिलो हुन्छ पढ्नलाई।’

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)